# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २४८ | बुटवल | २०८२ भदौं १८ गते, बुधबार | नेपाल संवत ११४५ | Wednesday September 03, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**हामी बोलेर मात्र होइन पुर्‍याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१


रूपन्देही ३ उप-चुनाव :

## जनमतबाट धनिराम, राप्रपाले प्रारम्भिक चुनावबाट छान्ने

बुटवल । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले रूपन्देही-३ मा प्रारम्भिक निर्वाचनबाट उम्मेदवार छनोट गर्ने भएको छ ।

मंगलबार बसेको पार्टीको संसदीय समितिको बैठकले उक्त निर्णय गरेको प्रवक्ता एवं प्रचार विभाग प्रमुख मोहनकुमार श्रेष्ठले जानकारी दिए । उनका अनुसार, नवीन कार्ययोजनाको मोडल अनुसार यसपटक पार्टीले नवीन अभ्यासको रुपमा प्रारम्भिक निर्वाचन प्रणाली अवलम्बन गर्ने निर्णय गरिएको हो । रूपन्देही-३ मा आगामी कात्तिक १७ गते उपनिर्वाचन हुँदैछ ।

जिल्ला कार्यसमितिबाट सिफारिस भएर आएका आकांक्षी उम्मेदवारहरूमध्ये प्रारम्भिक मतदानबाट छनोट हुने श्रेष्ठले बताए । 'आन्तरिक प्रारम्भिक निर्वाचन यथाशिघ्र गरिने र सो को आवश्यक प्रबन्ध रुपन्देही उपनिर्वाचन परिचालन समितिले गर्ने निर्णय भएको छ ।'-श्रेष्ठले भने ।आन्तरिक प्रारम्भिक निर्वाचनका मतदाताहरूमा रुपन्देही-३ को प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु, रुपन्देही-३ अन्तर्गतका प्रदेशसभा (क) र (ख) कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु, रुपन्देही-३ अन्तर्गतका सबै उपमहानगर, नगर, गाऊककपालिका र वडा कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु रहनेछन् ।

» बाँकी ३ पेजमा

## रविलाई सरकारले धेरै खेद्यो : वर्षमान



नवीन लोचनमगर

रोल्पा

नेकपा (माओवादी केन्द्र)का उप-महासचिव वर्षमान पुन 'अनन्त'ले भारत र चीनले नेपाली भूमिलाई प्रयोग गर्ने समझदारी गर्नु आपत्तिको विषय भएको बताएका छन् । मंगलबार रोल्पामा पत्रकारहरुसँग कुरा गर्दै पूर्वमन्त्री समेत रहेका पुनले आपसी समझदारीका हिसाबले ट्रान्जिट बनाउन सकिने भए पनि सम्बन्धित देशसँग सरोकारै नराखेर दुई छिमेकी देशले सहमति गर्नु नेपालको स्वाधिनता, सार्वभौमिकता माथिको दख्खल भएको बताए । उनले त्रिदेशिय साझेदारीका हिसाबले ट्रान्जित बनाउन सकिने जनाए ।

» बाँकी ३ पेजमा

## श्रीमतीको हत्या गरी भान्सामा गाडेको शव ६ दिनमा भेटियो

अर्घाखाँची । अर्घाखाँचीको छत्रदेव गाउँपालिकामा श्रीमानले श्रीमतीको हत्या गरी घरभित्रै खाडल खनेर पुरेको अवस्थामा शव फेला परेको छ । श्रीमतीको हत्या गर्ने श्रीमानलाई प्रहरीले पक्राउ गरेको छ । छत्रदेव गाउँपालिका ४ पातलपोखरामा ३६ वर्षीय श्रीमान किरण गुरुङ्गले ३४ वर्षीय श्रीमती सुमित्रा कुमालको हत्या गरेर घरकै भान्सा कोठामा काम्लोमा बेरेर पुरेको अवस्थामा शव फेला परेको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रमुख डीएसपी चक्रबहादुर मल्लले बताएका छन् ।

श्रीमतीको हत्या गरेपछि घरमा रहेकी ९ वर्षीय छोरीलाई कसैलाई भनेमा आमालाई जस्तै मारेर गाडदिन्छु भनेर धम्की दिएका थिए । जसका कारण महिलाको हत्या भएको ६ दिनपछि मात्र शव फेला पर्यो । प्यूठानको नौबहिनी गाउँपालिका १ स्याउलीबाङ्ग स्थायी घर भएका किरण विगत ८ वर्षदेखि छत्रदेव ४ को पातलपोखरामा बस्दै आएका थिए । स्थानीय छत्रदेव गाउँपालिकामै प्रेम विवाह गरेर बस्दै आएका थिए ।

» बाँकी ३ पेजमा

## लुम्बिनी प्रदेशमा जापानिज इन्सेफलाइटिसबाट १० जनाको मृत्यु

बुटवल । तराईका जिल्लामा जापानिज इन्सेफलाइटिस (जेई) संक्रमण तीव्र रूपमा फैलिन थालेको छ । ३६ जिल्लाका ११३ जनामा संक्रमित फैलिँदा २३ जनाको ज्यान गएको छ ।

परिवार कल्याण महाशाखाका अन्तर्गतको खोप शाखाका प्रमुख डा. अभियान गौतमका अनुसार जापानिज इन्सेफलाइटिस विगत तीन वर्षयता आक्रामक रूपमा देखिएको छ ।

विगतका वर्षमा जेई संक्रमण देखिए पनि मृत्युदर उच्च थिएन । हाल भने मृत्यु संख्या ह्वात्तै बढेको छ । अघिल्लो वर्षमा संक्रमितमध्ये २९ प्रतिशतको मृत्यु भएकोमा यस वर्ष पनि उही अनुपातमा मृत्यु भइरहेको छ । गत वर्ष ८६ संक्रमितमध्ये २५ जनाले ज्यान गुमाएका थिए । यसवर्ष सबैभन्दा बढी प्रभावित प्रदेशहरू लुम्बिनी, मधेश, कोशी, गण्डकी र बागमती छन् ।

पछिल्लो तथ्यांकअनुसार जेई ३६ जिल्लामा फैलिसकेको छ । जसमध्ये लुम्बिनीमा ३७, बागमतीमा १८, कोशीमा १७, मधेशमा १४, गण्डकीमा १६, सुदूरपश्चिममा ९ र कर्णालीमा २ जनामा संक्रमण देखिएको छ ।

बर्दिया, कावासोती, रत्ननगर, कालिका, राप्ती, कपिलवस्तु, माडी, कृष्णनगर, हरिवन, लहान, भद्रपुर, उल्लाबारी र गौरीगञ्जका बासिन्दा संक्रमित भएका छन् । संक्रमितमध्ये ६३ महिला र ५० पुरुष छन् ।

महाशाखाको तथ्यांकअनुसार मृत्यु हुने सबैभन्दा बढी लुम्बिनी प्रदेशका छन् । नवलपरासी पश्चिममा २, अर्घाखाँची, रुपन्देही, प्यूठान, दाङ, बाँके र बर्दियामा १-१ जनाको मृत्यु भएको छ ।

गण्डकी र बागमतीमा ४-४ जनाको मृत्यु भएको छ ।

» बाँकी ३ पेजमा

स्वर्गद्वारी नगरपालिका :

# जनप्रतिनिधिको सुविधामा एक वर्षमै एक करोड खर्च

**बेरुजु १४ करोड १७ लाख ६९ हजार पुगेको स्वर्गद्वारीमा आर्थिक वर्ष २०८०/८१ को मात्रै ५ करोड २६ लाख ६३ हजार बेरुजु छ । जसमा पदाधिकारीको सुविधामा वर्ष दिनमा ९८ लाख ३७ खर्च भएको महालेखाको प्रतिवेदनमा उल्लेख छ ।**

*लवकुमार अधिकारी*

*प्यूठान*



प्यूठानको स्वर्गद्वारी नगरपालिकाका पदाधिकारीको सुविधामा एक वर्षमा ९८ लाख ३७ हजार रुपैयाँ खर्च भएको छ । जनप्रतिनिधिहरुले नगरवासीको सेवामा निःस्वार्थ खटिएको भाषण गर्ने गरे पनि उनीहरुले करिब एक दर्जन शीर्षकमा सुविधा बापत रकम बुझ्ने गरेका छन् । आर्थिक वर्ष २०७९/०८० मा जनप्रतिनिधिले मात्र बैठक भत्ता २७ लाख १७ हजार २ सय ५६ रहेको थियो भने आर्थिक वर्ष २०८०/०८१ मा २९ लाख १७ हजार ४ सय ३० देखिएको छ । जुन खर्च बद्धदो क्रममा देखिएको छ । यस्तो सुविधा प्रदेश सरकारको ऐनअनुसार सबै पालिकाका जनप्रतिनिधिले बुझ्दै आएका छन् ।

आर्थिक वर्ष २०८०/०८१ को बजेटमा कूल बजेटमध्ये आन्तरिक आयको हिस्सा ६.१६ प्रतिशत रहेको छ । पालिकाको आर्थिक वर्ष २०८०/०८१ आन्तरिक आय २ करोड ५९ लाख ८५ हजार ९ सय ३१ रुपैयाँ रहेको छ, जसमा आन्तरिक आयको हिस्सामा नगरपालिकाका पदाधिकारीको सुविधामा मात्रै झन्डै ५० प्रतिशत खर्च भएको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ८५.४३ प्रतिशत चालु र ८६.५१ प्रतिशत पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । तर पालिकाले वार्षिक बजेट बिनियोजन गर्दा चालु भन्दा पुँजीगत बजेट विनियोजनमा न्यूनता भएको हुँदा विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको महालेखाको प्रतिवेदनले औंल्याएको छ ।

स्वर्गद्वारीमा नगर प्रमुख, उप-प्रमुख, १० जना वडाध्यक्ष, १८ जना कार्यपालिका सदस्य र ३६ जना नगर सभा सदस्यले बैठक भत्ता, यातायात खर्च, टेलिफोन, मोबाइल खर्च, पुस्तक, पत्रिका, इन्टरनेट, विद्युत् उर्जा, मर्मत सम्भार, अतिथि सत्कार, जनसम्पर्क, खानेपानी, बिजुली, सरसफाई चाडपर्व र विशेष कार्य शिर्षकमा सुविधा लिने गरेका छन् ।

**१४ करोडमाथि बेरुजु कायम**

२०८०/०८१ को लेखापरीक्षण गर्दासम्म स्वर्गद्वारीको बेरुजु १४ करोड १७ लाख ६९ हजार पुगेको छ । आर्थिक वर्ष २०८०।०८१ मा ५ करोड २६ लाख ६३ हजार र त्यसअघिको ८ करोड ९१ लाख ६ हजारसहित अद्यावधिक बेरुजु १४ करोड १७ लाख ६९ हजार पुगेको हो । २०८०।०८१ को बेरुजुमध्ये ३ करोड ७० लाख ८ हजार ५ सय ९० रुपैयाँ ३२ पैसा बढी खर्च रकम अनियमित देखिएको छ ।

महालेखा परीक्षक कार्यालयको ६२औं प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८०।०८१ बाँकी बेरुजु रु.५ करोड २६ लाख ६३ हजारमध्ये असुल गर्नुपर्ने रु. २० लाख ५३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१ करोड १६ लाख ६५ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ७ लाख ९ हजार र पेस्की बाँकी रु. ८२ लाख ३६ हजार रहेको छ । पालिकाको गत वर्षसम्म रु. ८ करोड ९१ लाख ६ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. १४ करोड १७ लाख ६९ हजार रहेको छ । अनियमित खर्चको ठूलो हिस्सा दरबन्दीभन्दा बढी करार कर्मचारी, समानीकरणबाट शिक्षकको तलब भत्ता, फरक जिम्मेवारी, सेनिटरी प्याड खरिदमा देखिएको छ ।

**महालेखाले औंल्याएका कमजोरी**

नायब महालेखा परीक्षक नारायण एमसीले स्वर्गद्वारी नगरपालिकाको स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको औंल्याए ।

यस्तै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको, स्थानीय तहले एक आर्थिक वर्षभित्र भएको आर्थिक कारोवारको अनुसूची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा तयार नगरेको, दीगो विकास लक्ष्य पूरा गर्न वातावरण संरक्षणलगायत आन्तरिकीकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको कमजोरी औंल्याएर सुधार्न महालेखाले भनेको छ ।

यस्तै स्थानीय तहले कार्यक्रम सञ्चालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य सञ्चालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको, सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रमअनुसारको प्रगति तयार नगरेको, भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित नगरेको, भ्रमणपश्चात् भ्रमण प्रतिवेदन लिने गरे नगरेको लगायत छन् ।

**दरबन्दी मिलान बेगर शिक्षकलाई ७२ लाख बढी तलब भत्ता**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका र विद्यार्थी संख्या अत्याधिक भई शिक्षक नपुग भएको अवस्थामा मात्रै पालिकाले विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने देखिन्छ ।

तर नगरपालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई शिक्षक विद्यार्थी अनुपात बेगर तथा दरबन्दी मिलान बेगर पालिकाले प्रावितर्फ १० जना, निमावितर्फ ४ जना र मावितर्फ ७ जना शिक्षकको नाममा वार्षिक ७२ लाख ५३ हजार १३१.१६ रुपैयाँ तलब भत्ता भुक्तानी गरेको छ ।

» बाँकी ३ पेजमा

# सांसद चौधरीको केराका परिकार बनाउने उद्योग अलपत्र




लुम्बिनी संवाददाता

*नवलपरासी*

व्यापारसँगै राजनीतिमा प्रवेश गरेका कांग्रेस सांसद तथा डलर अर्बपति विनोद चौधरीले चुनाव जित्न कुनै पनि हतकन्डा प्रयोग गर्न बाँकी राखेनन् । विहारी शैलीमा चुनावी प्रचार गरेर चुनाव जिते । चुनाव जसरी पनि जित्नु उनको उद्देश्य थियो । त्यसैअनुरुप मतदातालाई प्रभावमा पारेर चुवाव जितेर साँसद भए । तर जितेपछि चुनावका सवै आस्वासन भुले ।

नवलपरासी निर्वाचन क्षेत्रका मतदाता फेरि ५ वर्षका लागि ठगिएको अनुभूति गरिरहेका छन् । २०७९ को निर्वाचनमा पश्चिम नवलपरासी- १ बाट प्रत्यक्ष निर्वाचित सांसद चैधरीले नेपाली कांग्रेस र माओवादीको गठबन्धनबाट चुनाव जित्न चुनावको समयमा पैसा बाँड्नेदेखि सबै काम गर्न पछि परेनन् । चुनाव जित्न नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल प्रचण्डलाई एउटै हेलिकप्टरमा ल्याएर बर्दघाटको चौपत्तामा भाषण गराए ।

नवलपरासी निर्वाचन क्षेत्र नम्बर १ का मतदातालाई चुनावको समयमा धेरै आस्वासन दिए ।

उद्योग खोल्ने, युवालाई रोजगारी दिने, उखुको समस्यालाई समाधान गर्ने, केराको चिप्स बनाउने उद्योग स्थापना गर्ने, वर्षौंदेखि विकासबाट पछाडि परेको उक्त क्षेत्रमा विकासको मुल फुटाउनेलगायतका धेरै आस्वासन दिए, तर चुनाव जितेर गएको वर्षौं हुँदासमेत चौधरीले एउटा पनि काम गरेनन् । साँसद चौधरीका खोक्रा चुनावी आस्वासन अहिले नवलपरासी निर्वाचन क्षेत्र नम्बर १ का मतदाताले सम्झिरहेका छन् ।

चुनावमा भोट माग्ने क्रममा चौधरीले सुस्ता गाउँपालिका-३ श्रीनगरमा केरा प्रशोधन उद्योग खोल्ने र आकर्षक मूल्यमा त्यस क्षेत्रमा उत्पादीत केरा आफूले किन्ने आश्वासन दिएका थिए ।

तर अहिलेसम्म सांसद चौधरीको 'सिजी स्न्याक्स प्रा.लि' दर्ता गरे, तर उक्त कम्पनीको कुनै पनि काम अगाडि बढ्न सकेको छैन ।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# जलवायुको परिवर्तनले जोखिममा कृषि

जलवायु परिवर्तनले नेपालको कृषि क्षेत्रलाई सबैभन्दा बढी असर गर्ने देखिएको छ। खडेरी र बेमौसमी वर्षाले कृषि उत्पादन गर्न किसानलाई कठिन हुँदै गएको छ। लामो खडेरीले बालीनाली सुक्ने र दाना नलाग्ने समस्या एकातिर छँदैछ, बेमौसमी वर्षाले जेनतेन लगाएको बाली भित्र्याउनै नपर्ने स्थिति निम्तिदै जान थालेको छ।

जल तथा मौसम विज्ञान विभागले यो वर्षको मनसुनमा औषतभन्दा बढी वर्षा हुने प्रक्षेपण गरेको थियो। जेठ १८ देखि असोज १४ गतेसम्मको चार महिनाको मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना उसको भनाइ थियो। मनसुनको तीन महिना सकिइसकेको छ। बाँकी एक महिना भारी वर्षा भयो भने त्यसले निम्त्याउने बाढी, पहिरो र डुबान हो। प्रक्षेपणअनुसार वर्षा हुन अब छोटो समयमा धेरै वर्षा हुनुपर्छ वा मनसुनको समय पछि सर्नुपर्छ। जल तथा मौसम विज्ञान विभागका अनुसार, पाँच वर्षदेखि लगातार हिउँदमा औषत वर्षा भएको छैन। हिउँदमा औषत ६० मिलिमिटर वर्षा हुनुपर्छ। तर हिउँदमा एकतिहाई वर्षा भएको छैन। हिउँदे खडेरीले पानीका स्रोतमा संकट पर्नुका साथै हिउँदे बालीलाई असर गरेको छ। राष्ट्रिय जलवायु परिवर्तन सर्वेक्षण-२०२२ ले जलवायु परिवर्तनको असरबाट खडेरी चुलिँदै गएको र यसले कृषि उत्पादनमा ह्रास ल्याएको देखाएको छ। सर्वेक्षणमा सहभागी ६५ प्रतिशतले खेती गर्दै आएको खेतबारीमा २५ वर्षदेखि खडेरीको असर भोगिरहेको बताएको सर्वेक्षण प्रतिवेदनमा उल्लेख छ। २०७८ कार्तिक पहिलो साता परेको बेमौसमी वर्षाले लुम्बिनी प्रदेशमा धानसहित अन्य बालीलाई क्षति पुग्दा पाँच अर्बको नोक्सान भएको थियो।

बढ्दो तापक्रमले खेतीपातीको तालिका बदलिएको छ। रैथाने बाली मौसमी बदलाव आउँदा नासिदै गएका छन्। खडेरीले साउनमा धान रोप्न समस्या भएझैं बैशाखमा पहाडी बारीमा मकै छर्न कठिन हुँदै गएको छ। असन्तुलित मौसमी अवस्था रोग र किराका लागि अनुकुल भइरहेको छ। खेतीका लागि हानिकारक किराहरु अति चिसो र तातो मौसममा मात्रै प्रजनन् क्रिया गर्न र हुर्कन सक्छन्। सामान्य मौसममा मर्छन्। तापक्रमको वृद्धिले किराको प्रजनन् चक्रको संख्यामा वृद्धि ल्याई वर्षमा दुईपल्ट प्रजनन् चक्र हुनेमा वर्षमा तीनपल्टसम्म हुनसक्ने विज्ञहरुको भनाइले नेपाल जस्तो देशलाई जोखिममा पार्दै लगेको छ। इसिमोडको पछिल्लो अध्ययनले ५० प्रतिशत नेपाली खाद्य असुरक्षाको जोखिममा रहेका र त्यसमध्ये हिमाली क्षेत्रमा ६० प्रतिशत रहेको देखाएको छ। विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयले सन् २०१४ मा गरेको जलवायु परिवर्तनको आर्थिक प्रभावसम्बन्धी अध्ययनले जलवायु परिवर्तनबाट कुल गार्हस्थ उत्पादनमा वार्षिक १ दशमलव ५ प्रतिशतदेखि २ प्रतिशतसम्म प्रत्यक्ष असर गर्ने देखाएको थियो।

सरकारले राष्ट्रिय जलवायु परिवर्तन नीति–२०७६ ल्याएको छ। नीतिले जलवायु अनुकुलन र जोखिम न्यूनीकरण कार्यक्रम गर्न निर्देश गरेको छ। तर जलवायु परिवर्तनको गम्भीर असर देखिंदा त्यसको सामना गरेर अघि बढ्ने सरकारी कार्यक्रम सुस्त छ। जलवायु परिवर्तन जोखिम न्यूनीकरणका लागि नीति मात्रैले हुँदैन्, कानुन बनाउन आवश्यक छ। सरकार जोखिम न्यूनीकरणका लागि सरोकारवाला निकायलाई चुस्त परिचालन गरी अघि बढ्नु आवश्यक छ।

# महामाया भवानी माविमा कांग्रेस विजयी



देवदह। रुपन्देहीको देवदहमा रहेको महामाया भवानी माध्यमिक विद्यालयमा भएको विद्यालय व्यवस्थापन समितिको निर्वाचनमा नेपाली कांग्रेस निकट उम्मेदवार विजयी भएका छन्।

उक्त विद्यालयको व्यवस्थापन समितिको निर्वाचनमा नेपाली कांग्रेसका उम्मेदवारकाविरुद्ध नेकपा एमाले, नेकपा एकीकृत समाजवादी, नागरिक उन्मुक्तिलगायतका दलहरुको संयुक्त गठबन्धन बनाइ निर्वाचनमा होमिएका थिए। संयुक्त गठबन्धनलाई हराउँदै नेपाली कांग्रेस निकट उम्मेदवारहरु विजयी भएका हुन्।

जसमा विद्यालय व्यवस्थापन समितिको सदस्यमा कृष्णप्रसाद श्रेष्ठ १४८, ओमप्रकाश श्रेष्ठ १५१, सरस्वती पौडेल पोखरेल १५४ र सान्ती एस्केले १४९ मत ल्याई निर्वाचित हुँदा विपक्षी गठबन्धनका सिमा चौधरी ११३, मनबहादुर दर्जी १११, कोपिला राना ११२ र केशरी माया गुरुङले १०७ मत प्राप्त गरेका छन्।

निर्वाचन लगत्तै बसको बैठकले लच्छु न्यौपानेलाई अध्यक्षमा सर्वसहम्मत चयन गरेको छ। त्यस्तै विद्यालय व्यवस्थापन समितिको सदस्यमा पुष्पा खवासलाई मनोनित गरेको नवनिर्वाचित सदस्य कृष्णप्रसाद श्रेष्ठले जानकारी दिए।

### जनप्रतिनिधिको...

पालिकाले निर्धारित शीर्षकमा खर्च नगरी अन्य शीर्षकमा खर्च, सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड नबनाएको, अनुगमन मूल्यांकन प्रतिवेदन तयार नगरेको समस्या महालेखाले औंल्याएको छ।

यसरी स्वीकृत दरबन्दीभित्र नपरेका तथा शिक्षक विद्यार्थी अनुपात बेगर र दरबन्दी मिलान बेगर न्यून विद्यार्थी रहेको विद्यालयमा समेत अनुदान खर्च लेखेको रकम नियमसम्मत नदेखिई अनियमित भएको भन्दै महालेखाले प्रश्न उठाएको छ। ऐनमा अनुगमन भत्ता सम्बन्धमा कुनै व्यवस्था नरहेको र दफा १४ मा यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरे विपरीत पालिकाले योजना तथा कार्यक्रम अनुगमन भत्ता खर्च लेखेर अनियमित गरेको प्रतिवेदनमा छ।

त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन गर्ने स्पष्ट लेखिएको छ।

सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ, तर पालिकाले स्वीकृत दरबन्दी बेगरका अ.हे.व ८ जना, अ.न.मी ४ जना र ल्याव टेक्निसिएन १ जना पदमा नियुक्त गरी तलब भत्ता रु.४३ लाख ५५ हजार रुपैंयाँ भुक्तानी गरेको पाइयो। तर दरबन्दीभन्दा बढी कर्मचारी नियुक्तिको पुष्ट्याई तथा औचित्य पालिकाले पेश गरेको नगरेको महालेखाले औंल्याएको छ। जसले गर्दा प्रशासनिक खर्चमा वृद्धि हुनुका साथै अन्य कार्य उपलब्धिमा समेत नकारात्मक असर पर्दछ। स्वीकृत दरबन्दी बेगर पदमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमित नियमसम्मत नदेखिएको महालेखाले औंल्याएको छ।

**अनुत्पादक खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था विपरीत स्वर्गद्वारी नगरपालिकाले पुँजीगत शीर्षकबाट ६ लाखभन्दा बढी गरेको खर्च छ। पालिकाले कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरीत व्यक्ति तथा संस्थालाई फाइदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ।

विपन्न तथा लक्षित वर्गलाई फाइदा पुग्ने र समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याङ्कन, वितरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनुपर्ने प्रतिवेदनमा उल्लेख छ। जसअन्तर्गत अनुत्पादक खर्चमध्ये पालिकाले गरेको कार्यक्रमहरु सहिद परिवार सम्मान कार्यक्रम, ज्येष्ठ नागरिक दिवस, अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस, हेलो मेयर कार्यक्रम, वडास्तरिय दलित सञ्जाल गठन, राष्ट्रिय मगर दिवस, तिज गीत गरी जम्मा खर्च ६ लाख २१ हजार २ सय ८४ खर्च गरेको महालेखा प्रतिवेदनमा उल्लेख गरेको छ।

**वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था विपरीत नगर प्रमुख सम्बोधित कार्यक्रममा ४० लाख र नगर उप-प्रमुख सम्बोधित कार्यक्रममा ३० लाख बजेट राखेर विभिन्न योजनामा ६२ लाख ८७ हजार ३ सय ८१ खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निणर्यबाट खर्च गर्ने गरेको हुँदा वित्तीय अनुशासन र पारदर्शिता कायम नभएको महालेखाले औंल्याएको छ।

खरिद गरेको सामग्री पालिकाले वडाहरुमा वितरणको लागि पठाएकोमा वितरण गरेको ठाडो भर्पाइ विवरण पेश भएता पनि प्रमाणित भरपाइ पेश भएको छैन। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा पालिकालाई प्रतिफल प्राप्त नहुने भएकाले वितरणमुखी खर्चलाई नियन्त्रण गर्न महालेखाको प्रतिवेदनले भनेको छ।

यस्तै लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७६ मा स्थानीय तहका प्रमुख तथा उप-प्रमुखले स्वकीय सचिव/सल्लाहकार र दफा ८३ (८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने व्यवस्था छ। तर पालिकाले नगरप्रमुखको सचिवालय सदस्य र उपप्रमुखको सचिवालय सदस्य नियुक्त गरी ३ लाख ९६ हजार बुझेको पाइएको र सो खर्च लेख्न पाउने प्रमाण नहुँदा महालेखाले प्रमाण पेश नगरेको प्रतिबेदनमा उल्लेख गरेको छ। त्यस्तै आर्थिक वर्ष २०८०/०८१ मा पालिकाले कानुनी सल्लाहकारको रुपमा एक जना नियुक्त गरी मासिक २५ हजारका दरले बार्षिक ३ लाख रकम भुक्तानी गरेको छ। सल्लाहकार नियुक्त गर्दा स्पष्ट कार्य विवरण तयार गरि सोको मूल्यांकनको आधारमा भुक्तानी दिनुपर्ने देखिन्छ, तर पालिकाले यसो नगरेको प्रतिवेदनमा लेखेको छ।

लेखा परीक्षण भएको वर्षको बजेट खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृतमा मोहन पौडेल, भोजबहादुर भण्डारी र त्यसपछि केशवराज भट्टराई (हालसम्म) तथा लेखा प्रमुखमा धनबहादुर वली रहेका छन्। स्वर्गद्वारीमा नगरप्रमुख नेपाली काँग्रेस र नगर उप-प्रमुख मसालका छन्। गठबन्धन गरेर निर्वाचनमा होमिएका थिए।

### जनमतबाट...

यस्तै रुपन्देही-३ बाट प्रतिनिधित्व गर्ने प्रदेश कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु, रुपन्देही-३ बाट प्रतिनिधित्व गर्ने जिल्ला कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु,रुपन्देही जिल्ला क्षेत्र नं.३ बाट प्रतिनिधित्व गर्ने केन्द्रीय सदस्य तथा पदाधिकारीहरु,२०८२ भदौ १७ गतेसम्म कायम रहेका रुपन्देही-३ भित्रका केन्द्रदेखि जिल्ला तहसम्मका भातृ संगठनका पदाधिकारी तथा सदस्यहरु, २०८२ भदौ १७ सम्ममा सक्रिय सदस्य भइसकेका रुपन्देही-३ अन्तर्गतका सक्रिय सदस्यहरु रहनेछन्। राष्ट्रिय प्रजातन्त्र पार्टीले केन्द्रीय सदस्यद्वय स्वाती थापा र बसन्तविक्रम शाही, रुपन्देही अध्यक्ष सागरप्रताप राणा, स्वर्गीय दीपक बोहराका छोराहरू गौरव बोहरा र प्रज्ज्वल बोहरा तथा जिल्ला नेता दिलिप मल्लिकको नाम सिफारिस गरेको छ।

यस्तै रुपन्देही क्षेत्र नम्बर ३ मा हुने उप-निर्वाचनमा जनमत पार्टीले धनीराम चौधरीलाई उम्मेदवार बनाउने निर्णय गरेको छ। धनिराम केही दिन अघि मात्रै नागरिक उन्मुक्ति पार्टीबाट जनमतमा प्रवेश गरेका थिए। जनमत पार्टीका राष्ट्रिय सचिव भोपेन्द्र यादवले धनिराम चौधरीलाई उम्मेदवार बनाउने शर्तमै पार्टीमा भित्राएकाले मंगलबार निर्णय भएको जानकारी दिए।

चौधरी रुपन्देहीको सियारी गाउँपालिका-२ निवासी हुन्। गत २०७९ को निर्वाचनमा चौधरी नागरिक उन्मुक्ति पार्टीबाट रुपन्देही क्षेत्र नम्बर १ मा उम्मेदवार बनेका थिए। त्यसबेला उनले छविलाल विश्वकर्मा र घनश्याम भुसाल पछि तेस्रो स्थानमा धेरै मत प्राप्त गरेका थिए।

जनमत प्रवेश गर्नुअघि नागरिक उन्मुक्ति पार्टीबाट पनि सिफारिश भएका तीनजना उम्मेदवारमा उनी परेका थिए। पार्टीमा रेशम चौधरी र रन्जिता श्रेष्ठ पक्षबिच विवाद उत्कर्षमा पुगेपछि उनले पार्टी परिवर्तन गरेका हुन्।

रुपन्देही ३ मा अहिलेसम्म रास्वपाले डा. लेखजंग थापालाई र राष्ट्रिय जनमोर्चाले बद्रे आलमलाई उम्मेदवार बनाउने निर्णय गरिसकेका छन्।

राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपालले अर्जुन थापालाई उम्मेदवार बनाउने निर्णय गरेको छ।

नेकपा एमालेले पोलिटब्युरो सदस्य खिमलाल भट्टराई, व्यवसायी शशि पौडेल, नेताहरु यज्ञजित शाह, हरि अधिकारी र अमृता गुरुङको नाम सिफारिश गरेको छ। माओवादी केन्द्रले सोनिया यादव, मनिषकुमार जोशी,फैज अहमद खान र तिरबहादुर रोकाय (डार्बिन) को नाम सिफारिश गरेको छ। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले महासचिव घनश्याम भूसालसहित सात जनाको नाम सिफारिस गरेको छ।

बुटवल मोतीपुरका लेखनाथ गैरे, भैरहवाका अजयकुमार गुप्ता र बुटवलका किरण विकले स्वतन्त्र उम्मेदवारी घोषणा गरेका छन्।

नेपाली कांग्रेसबाट बालकृष्ण खाँण, प्रमोद यादव, रामचन्द्र ढकाल, रमेश खनाललगायतको नाम चर्चामा छ। कांग्रेसले क्षेत्रीय समितिबाट अझै नाम सिफारिश गरेको छैन।

उता काठमाडौंका मेयर बालेन शाहका परराष्ट्र तथा खाद्य सल्लाहकार सन्तोष गिरी पनि उम्मेदवार बन्ने बताउँदै आएका छन्।

### रविलाई...

नेपाललाई थाहै नदिएर गरिएको सम्झौताविरुद्ध सरकार खरोरुपमा उत्रिनुपर्ने उनको भनाइ छ। 'सरकारले उत्ताउलो ढंगले होइन, कुटनीतिक ढंगले पहलकदमी लिनुपर्छ,' पुनले भने-'सरकारले संयमितरुपमा तथ्य र प्रमाणका आधारमा कुटनीतिक पहल गरोस्।' पुनले राजनीतिक नेतृत्वले धैर्यता र संयमतापूर्वक आफ्नो राष्ट्रिय हितलाई कसरी प्रवर्धन गर्ने भन्ने कुरामा सरकारको स्वभाविक दायित्व हुने बताए। 'सबै राजनीतिक दललाई विश्वासमा लिने र संयमतापूर्वक पहल लिन म सरकारसँग आग्रह गर्दछु।'-पुनले भने।

पुनले अर्का उप-महासचिव जनार्दन शर्मालाई आफ्ना असन्तुष्टि वा फरक मत बाहिरभन्दा पनि पार्टीभित्रै राख्न सुझाव दिएका छन्। 'आफ्नो धारणा पार्टीमा राख्न मिल्छ, आफ्नो मतलाई पार्टीको आधिकारिक निर्णय बनाउन मिल्छ, तर पार्टीको न्यूनतम नम्स भनेको पार्टीभित्रै कुरा राखौं न भन्ने हो,' पुनले भने- 'त्यस कुरामा जनार्दनजीको कुरा मात्र होइन, सबै नेता कार्यकर्ता पार्टी अनुशासनमा बसौं न भन्ने पार्टीको कुरा छ।' यसलाई धेरै आश्चर्यको विषय बनाउनुभन्दा पनि स्वभाविकरुपमा पार्टीभित्र छलफल बहस हुने बताए।

पुनले रवि लामिछानेलाई सरकारले धेरै खेदेको आरोप लगाए। 'रविको अनुसन्धानमा हाम्रो कुनै रोकावट होइन, त्यस्तै केसमा अरुलाई पनि त्यस्तै गर्नुस् न,' पुनले सरकारसँग भने- 'आफ्नो पराई छोड्नुस्, कानुनमा सबै बराबर हो। रवि लामिछाने जस्तै केसमा सबैलाई पुर्पक्षमा राख्ने हो भने ठीक छ, तर एउटै केसमा फरक निर्णय गर्नु न्यायसंगत हुँदैन।'

पुनले अरुलाई धरौटीमा, तारेखमा राखेर छानबिन गर्न हुन्छ भने रविलाई पनि त्यसै गर्नुपर्ने धारणा व्यक्त गरे। 'तपाईं सरकारमा रहेका दलहरुको अविवेकी र पक्षपातपूर्ण निर्णयले झन् मान्छेमा वितृष्णा पैदा भइरहेको छ,' पुनले भने-'कांग्रेस-एमालेका साथीहरुसँग हाम्रो गुनासो- त्यस्तै केसमा सबैलाई त्यस्तै व्यवहार गर्नुस् न। आफूलाई लागेको आरोपको आफैले फेस गर्नुपर्छ, तर प्रक्रियामा विभेद हुनुभएन।' उनले प्रहरी, न्यायालय सबैले पक्षपाती भूमिका देखाउन नहुने जिकिर गरे। भोलि माओवादीकै कार्यकर्ता परे पनि कानुनीरुपले जे न्यायसंगत हुन्छ, त्यही गर्नुस् भन्ने आफ्नो पार्टीको धारणा रहेको उनको भनाइ छ।

### श्रीमतीको...

श्रीमान श्रीमती दुबैले दोस्रो विवाह गरेर विगत ८ वर्षदेखि सँगै बस्दै आएका थिए।

बाँदर लाग्ने बारीमा सदाझैं सुमित्रा कुमाल गुरुङ ३/४ दिन देखि बाँदर लखेट्न आएको नदेखेपछि स्थानीयले कहाँ गइन्। भनेर सोधखोज गर्दै जाँदा स्थानीय र माइती पक्षले पनि छोरी कहाँ गइन, ६ दिनदेखि हराएकी छ भनेर बल्कोट प्रहरी चौकीमा खबर गरेका थिए।

महिला हराएको भन्ने सूचनाको आधारमा प्रहरीले खोजतलास र अनुसन्धान गर्दै जाँदा घरमा खानतलासी गर्दा भान्सा कोठा खनेको जस्तो देखिएको र अलिअलि गन्ध समेत आएपछि खनेर हेर्दा दुर्गन्धित अवस्थामा शव फेला परेको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रमुख डीएसपी मल्लले बताए।

उनका श्रीमानले दुई जनाको झगडापछि श्रीमतीको हत्या गरेको स्वीकार गरेको प्रहरीको भनाइ छ। घटनाको बारेमा थप अनुसन्धान भैरहेको छ। शवलाई पोष्टमार्टमको लागि अर्घाखाँची अस्पतालमा पठाइएको छ।

गएको ११ गते बुधबार राति झन्डै १२ बजेको समयमा श्रीमान श्रीमतीको घरायसी विवादले उग्र रुप लिएपछि बाँसको लाठी र हँसिया प्रयोग गरेर श्रीमतीको हत्या गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ।

घटनास्थलबाट प्रहरीले मृतकका श्रीमानलाई पक्राउ गर्नुका साथै, हत्या र शव गाड्न प्रयोग भएका सामग्रीहरु बाँसको लाठी १ थान, हँसिया १ थान, गैची १ थान, बेल्चा १ तान, सानो कोदालो १ थान र ओरेन्ज रक्सीको खाली बोतल १ थान र भरि बोतल एक थान बरामद गरेको अर्घाखाँची प्रहरी प्रमुख मल्लले जानकारी दिए।

### लुम्बिनी...

चितवनमा ३, नवलपरासी पूर्वमा ३, सिन्धुली र स्याङ्जा १-१ जनाको संक्रमितको मृत्यु भएको छ।

यस्तै कोशीको रौतहटमा २, झापा, मोरङ र तेहथुम १-१ जना र सुदुरपश्चिको कैलालीमा १ जना संक्रमितको मृत्यु भएको छ। जेईले सबैभन्दा बढी ४० वर्ष माथिका असर गरेको छ। तथ्यांकअनुसार ४० वर्षभन्दा माथिका १८ जनाको र ३९ वर्ष मुनिका ५ जना संक्रमितको मृत्यु तथ्यांक छ।

नेपालमा जापानिज इन्सेफ्लाइटिसको प्रकोपले लुम्बिनी, मधेश, कोशी, गण्डकी र बागमती प्रदेशलाई बढी प्रभावित बनाएको छ। यो वर्ष ३६ जिल्लामा फैलिसकेको छ। खोप अभियानले रोग नियन्त्रणमा रहेको भनिए पनि पछिल्लो समय मृत्युदर बढ्नुले खतराको संकेत गरेको विज्ञ बताउँछन्।

गौतमका अनुसार जेई संक्रमण नेपालमा अन्य देशभन्दा फरक जोखिम देखिएको छ। सामान्यतया १५ वर्षमुनिका बालबालिकामा बढी देखिने जेई नेपालमा भने पछिल्लो समय ४० वर्षमाथिका मानिसमा मृत्यु र संक्रमण देखिएको छ। ४० वर्षभन्दा माथिका व्यक्तिको मृत्यु हुनुको कारणबारे डा. गौतम भन्छन्-'मृत्यु हुने अधिकांशले खोप लगाएका थिएनन्।'

जापानिज इन्सेफलाइटिस भाइरसबाट हुने रोग हो। यो भाइरस क्युलेक्स लामखुट्टेले सार्छ। रोग सार्ने लामखुट्टे बिहान र बेलुका सक्रिय हुन्छन्। यो रोग भाइरसबाट संक्रमित चराचुरुंगी र सुँगुरलाई टोक्ने लामखुट्टे सुरुमा आफू संक्रमण हुन्छ र त्यसले टोक्दा मानिसमा संक्रमण सर्छ। लामखुट्टेजन्य रोगको स्वरूप जलवायु परिवर्तनसँगै बदलिँदै पहाडसम्म चढेका कारण संक्रमित संख्या र मृत्यु पनि बढ्दै डा. गौतम बताउँछन्।

जापानिज इन्सेफलाइटिस डेंगु भाइरस समावेश भएको 'फ्लेभी भाइरस' समूहअन्तर्गत पर्छ। यसलाई उच्च घातक संक्रमण मान्न सकिन्छ। उपचारपछि पनि करिब ५० प्रतिशतसम्मलाई स्नायु प्रणालीमा दीर्घकालीन असर देखिने गर्छ। डा. गौतमका अनुसार जापानी इन्सेफलाइटिस प्रायः धान खेती हुने ठाउँ, स्थिर पानी जम्ने क्षेत्र, सुँगुर र हाँस पालन हुने स्थानमा बढी देखिन्छ। डेंगुको तुलनामा केस संख्या कम देखिने भए पनि मृत्यु दर भने उच्च रहने विज्ञ बताउँछन्।

### सांसद...

किसानले लगाएका केरा पाकेर कुहेर झरेका छन्। त्यस क्षेत्रका करिब साढे तीन हजार किसानले २१ सय बिघामा केरा खेती लगाएका छन्। अहिले लगाएको केरा बोटमा पाकेर झर्न थालेको छ।

केरा किसानले केराको मूल्य नपाउँदा समस्यामा परेका छन्। बैंकबाट लिएको ऋणको ब्याज समेत तिर्न सकेका छैनन्।

किसानहरुले लगाएको केरा खरिदका लागि व्यापारी नगएपछि पाकेका केरा टेक्टरमा राखेर बिक्रीका लागि परासी, बर्दघाट, सुनवल, रुपन्देहीको खैरेनीलगायतका बजारमा लग्दा समेत ५० रुपैयाँ दर्जनमा बिक्री गर्न कठीन हुने गरेको किसानले बताएका छन्। भारतीय केरा खुल्ला रुपमा नेपालमा भित्रिंदा नेपाली किसानका केराले बजार पाउन नसकेको केरा उत्पादक समितिका अध्यक्ष लख्खु यादलले बताएका छन्। नवलपरासी पश्चिमको प्रतापपुर र सुस्ता गाउँ पालिकाका अधिकांश किसान केरा र उखु खेतीमा निर्भर छन्। तर किसानले केरा र उखुको मूल्य नपाउँदा सधैं समस्यामा पर्दै आएका छन्।

नेपाल सरकारले उखुमा दिँदै आएको गत वर्षको उखुको अनुदान रकम समेत उपलब्ध गराएको छैन। उखुमा दिँदै आएको ७० रुपैयाँ अनुदानमा घटाएर ३५ रुपैयाँ बनाएपछि १३ जिल्लाका उखु किसानले काठमाडौंमा आन्दोलन गर्दा समेत सरकारले वास्ता नगरेपछि उखु किसान भदौ २५ गतेदेखि अनिश्चितकालीन राजमार्ग अवरुद्ध गर्ने घोषणा गरी जिल्ला, जिल्ला फर्किएका छन्।

नवलपरासी जिल्लाबाट ४२ जना उखु किसान गत भदौ ८ गतेदेखि काठमाडौंमा आन्दोलनमा गएका थिए। जिल्लाबाट गएका उखु किसानले जिल्लाका सांसद विनोद चौधरी काठमाडौंमा भएको उखु किसानको आन्दोलनमा ऐक्यबद्धता जनाउनसम्म नआएको उखु किसानले बताएका छन्। साँसद चौधरीको निर्वाचन क्षेत्रबाट ४२ जना उखु किसान भदौ ८ देखि १४ गतेसम्म माइतीघरमा आन्दोलन गर्दा जिल्लाका धेरै नेता गएर आन्दोलन प्रति ऐक्यबद्धता जनाएको भए पनि साँसद चौधरी देखा नपरेको आन्दोलनमा गएका एक किसानले बताए।

आफूहरुको आन्दोलनमा आफ्नै क्षेत्रका साँसद विनोद चौधरीलाई नदेखेको उखु उत्पादक महासंघ नेपालका प्रवक्ता तथा प्रतापुर गाउँ पालिकाका अध्यक्ष उमेशचन्द्र यादवले बताए। चुनावका बेला चौधरीले केरा खेतीमा लगानी गर्न त्यस क्षेत्रका किसानलाई उक्साएको त्यस क्षेत्रका किसानहरु बताउँछन्। आफूले चुनाव जितेपछि केराबाट चिप्स बनाउने उद्योग स्थापना गर्ने भएका कारण पनि केरा खेती गर्न चौधरीले किसानलाई उक्साएका थिए।

तर चुनाव जितेर साँसद भएको ३ वर्ष हुँदा समेत उद्योग स्थापना गर्नेतर्फ साँसद चौधरीले कुनै काम गरेका छैनन्। नेपाली काँग्रेसको टिकट ल्याएर चुनाव जितेका साँसद चौधरीले क्षेत्रको विकास त गरेनन् गरेनन्।

नेपाली काँग्रेस नवलपरासीमा गुटको राजनीति गरेर नेपाली काग्रेसका महामन्त्री विक्रम खनाललाई चुनावमा असहयोग गरेको आरोपमा कारबाही गराउने जस्ता कामको थालनी सुरु गरे। नेपाली काँग्रेस नवलपरासीमा गुट र उप गुटकोझगडालाई मलजल दिएर साँसद चौधरी जिल्लामा भाडभैलो गराएको आरोप उनलाई लागेको छ।

२०६४ सालको पहिलो संविधानसभामा एमाले कोटाबाट समानुपातिक सभासद भएसँगै राजनीतिमा उदाएका चौधरी अहिले काँग्रेसमा छन्। ०७४ सालमा एमाले छोडेर कांग्रेस प्रवेश गरेका उनी फेरि समानुपातिक सांसद बने।

मधेशी क्लस्टरअन्तर्गत लगातार समानुपातिक सूचीमा सुरक्षित रहँदै आएका सांसद चौधरी गत चुनावमा नवलपरासी निर्वाचन क्षेत्र नम्वर १ वाट प्रत्यक्ष चुनाव लडेर जितेका हुन्। पुराना नेता हृदयेश त्रिपाठीलाई पैसाकै बलमा चौधरीले हराएको निर्वाचन क्षेत्रका बुद्धिजीविहरु बताउँछन्।

# लुम्बिनी प्रदेशमा विपद्मा परी साउनमै ४३ जनाले ज्यान गुमाए



बुटवल । लुम्बिनी प्रदेशमा गत साउन महिनामा विभिन्न विपद्मा परी ४३ जनाले ज्यान गुमाएका छन् । प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रका अनुसार सो अवधिमा १५४ जना घाइते भएका छन् भने दुई जना बेपत्ता छन् ।

सो अवधिमा बाढी, डुबान, अतिवृष्टि, आगलागी, विषालु खाद्य सेवन, पहिरो, जनावर आक्रमण, चट्याङलगायत ३३५ वटा घटना घटेका थिए । ती घटनाका कारण मानवीय क्षति भएको हो । यसरी भएको विपद्ले रु ५१ लाखबराबरको भौतिक क्षति पुगेको अनुमान गरिएको छ । साउनमा मात्र बाढीमा परेर दुई, पानीमा डुबेर २७, आगलागीमा परेर एक, विषाक्त खाद्य सेवनका कारण चार, सर्पदंशका कारण आठ र अन्यमा एक गरी ४३ जनाको मृत्यु भएको जनाइएको छ ।

प्रदेशस्तरीय विवरणअनुसार दाङमा सात, कपिलवस्तुमा नौ, रूपन्देहीमा पाँच, बाँकेमा दुई, गुल्मीमा दुई, पाल्पामा दुई, प्यूठानमा चार, बर्दियामा तीन, अर्घाखाँचीमा दुई, नवलपरासी पश्चिममा दुई, रुकुमपूर्वमा एक र रोल्पामा चार जनाको ज्यान गएको छ ।

यस अवधिमा २१ निजी घर पूर्ण क्षतिग्रस्त भएका छन् भने १२ आंशिक क्षति भएका छन् । एक सरकारी भवन पूर्णरूपमा क्षतिग्रस्त हुँदा दुईवटा भवनमा आंशिक क्षति भएका छन् । पशु क्षति ३० र गोठ क्षति २० रहेको प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्रले जनाएको छ ।

लुम्बिनी प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयअन्तर्गतको प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्रकाअनुसार विपद् न्यूनीकरण तथा उद्धारमा स्थानीय तह, सुरक्षा निकाय र समुदायबीच समन्वयलाई अझ सशक्त बनाउने तयारी गरिएको छ ।

# नेप्से परिसूचक १९ अङ्कले घट्यो

काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार १९ दशमलव ८९ अङ्कले घटेर दुई हजार ७४१ दशमलव ९७ विन्दुमा कायम भएको छ ।

तीन सय २३ कम्पनीको एक करोड पाँच लाख ३५ हजार ८७४ कित्ता सेयर ८९ हजार ७७५ पटक खरिद बिक्री हुँदा रु चार अर्ब ४३ करोड ८२ लाख ५१ हजार ८१२ बराबरको कारोबार भएको छ ।

सबै समूहका उपसूचक घटेका छन् । बैंकिङ शून्य दशमलव ४९, विकास बैंक शून्य दशमलव ३९, वित्त शून्य दशमलव ८८, होटल तथा पर्यटन शून्य दशमलव ५२, जलविद्युत् शून्य दशमलव ९६, लगानी शून्य दशमलव ७६ र जीवन बिमा समूह शून्य दशमलव ३० प्रतिशतले घटेको छ । उत्पादन तथा प्रशोधन शून्य दशमलव ८०, लघुवित्त शून्य दशमलव ९७, म्युचअल फन्ड शून्य दशमलव २८, निर्जीवन बिमा शून्य दशमलव ७०, व्यापार एक दशमलव ९७ र अन्य समूह शून्य दशमलव ५३ प्रतिशतले घटेको छ ।

हिम स्टार ऊर्जा कम्पनी लिमिटेडको सेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९८ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेडकोसात दशमलव ४७ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको रु २२ करोड ७० लाख ४५ हजार ८१४ बराबरको कारोबार भएको छ ।


## कावासोती नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल
२०७३

## बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सुचना

प्रकाशित मिति २०८२/०५/१८

यस कार्यालयबाट विभिन्न समयमा प्रकाशित ठेक्का आह्वान सम्बन्धी सुचना उपर दर्ता हुन आएका बोलपत्र मध्येतपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कार्य विवरण | फर्म तथा कम्पनीको नाम | कबोल अंक (मु.अ.क.समेत) | कैफियत |
|---|---|---|---|---|
| 01/KM/NCB/ WORKS/2082/83 | Hasaura Chowkdekhi Hupsekot Gaunpalika ko Simana Sammako Bato Staronnati | सुरबी कन्सट्रक्सन भरतपुर-०६, चितवन | १,५१,७९,५४४.६६ | |
| 02/KM/NCB/ WORKS/2082/83 | Dhungeni Tol Dekhi Hupsekot Gaunpalika Jodne Bato Staronnati | कार्की एण्ड कम्पनी प्रा.लि. काठमाण्डौ-१० | ८८,५३,६५०.९३ | |

**महेश पाण्डे**
**प्रमुख प्रशासकीय अधिकृत**

अनुसूची-१५
(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)

## काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

दोस्रो पटक सूचना प्रकाशन मिति २०८२/०५/१८

समईथान सामुदायिक वन उपभोक्ता समूह, बुद्धभुमि न.पा. - ०३, कपिलवस्तुको वन क्षेत्र बाट नियमानुसार आ.व.२०८१/०८२ मा संकलन गरी उत्पादन भएका काठ/दाउरा सा.व.उ.स.को घाटगद्दीमा लट बनाई राखिएको साल, अस्ना, कर्मा, कुसुम लगायत जातको गोलिया थान ९६९ को ६०९४.६१ क्यु.फि. काठ र अन्य जातको १५ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । रित पुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा ) संचालनमा रहेका उद्योगहरुले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन सम्ममा बोलपत्र खरिद गरि १६ औं दिन भित्रमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री समईथान सामुदायिक वन उपभोक्ता समूह,**
**बुद्धभुमि न.पा - ०३, कपिलवस्तु**

अनुसूची-१५
(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)

## काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति २०८२/०५/१८

श्री पृथ्वी सामुदायिक वन उपभोक्ता समूह, बुद्धभूमि न.पा. - ०४, कपिलवस्तुको वन क्षेत्र बाट नियमानुसार आ.व.२०८१/०८२ मा संकलन गरी उत्पादन भएका काठ/दाउरा सा.व.उ.स.को घाटगद्दीमा लट बनाई राखिएको साल, अस्ना, कर्मा, कुसुम लगायत जातको गोलिया थान १०८० को २९९३ क्यु.फि. काठ र अन्य जातको ४.५ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। रितपुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा ) संचालनमा रहेका उद्योगहरुले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन सम्ममा बोलपत्र खरिद गरि २२ औं दिन भित्रमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री पृथ्वी सामुदायिक वन उपभोक्ता समूह,**
**बुद्धभुमि न.पा - ०४, कपिलवस्तु**

## शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्रमार्फत लिलाम विक्रीको २१ (एक्काइस) दिने सूचना

**प्रकाशित मिति २०८२/०५/१८ गते बुधबारको दैनिक लुम्बिनी**

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जा विकास बैंकसंग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी विकास बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले विकास बैंकले विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५(पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितो जमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ता समेतलाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले सो ऋणकर्जाको सुरक्षण वापत धितोबन्धक लेखिदिएको तपसीलमा उल्लेखित सम्पत्ति (घर जग्गा) जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा विकास बैंकको नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम विक्री गरी विकास बैंकको लेना रकम असुल उपर गर्नको लागी यो २१(एक्काइस) दिने धितो लिलाम विक्री सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पत्ति (घर जग्गा) गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनि वा अन्य संगठित संघ/संस्थाले यो सूचना प्रकाशित भएको मितिले २१(एक्काइस) दिनभित्र (सो दिन सार्वजनिक विदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) कार्यालय समय भित्र यसै सूचना तथा बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधिनमा रही रितपुर्वक बोलपत्र भरी यस विकास बैंकको केन्द्रीय कार्यालय, बुटवल तथा सम्बन्धित शाखा कार्यालयमा आइपुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ। साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसील बमोजिमको सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली निति तथा अन्य प्रचलित ऐन कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा जानकारी गराउँदै, कालो सुचिमा समावेश गर्न बाकी ऋणी संचालक, प्रोपाइटर, साझेदार, जमानतकर्ता र नेपाल राष्ट्र बैंकको कालासुचि सम्बन्धी निर्देशन बमोजिम ऋणीसंग सम्बन्धीत अन्य पक्षहरुलाई तिनपुस्ते विवरण सहित कर्जा सुचना केन्द्र लिमिटेडको कालोसूचिमा समावेश गर्न सिफारिश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा समेत यसै सूचना द्धारा सूचित गरिएको छ। तसर्थ यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र यस बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउनु हुन समेत विशेष अनुरोध गरिन्छ।

**तपसिलः**

**ऋणीको नाम र ठेगाना (शाखा कार्यालय सिद्धार्थनगर)**

१. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय, रुपन्देही, प्रा.फ.र.नं. ३७२९३/०७३/७४, मिति २०७३/०४/०३, आन्तरिक राजस्व विभाग स्थायी लेखा नम्बर ६०४८३२९८० मिति २०७३/०४/०४ मा दर्ता भई रुपदेन्ही जिल्ला सि.न.पा.वडा नं. ०७ स्थित **थापा कोल्ड स्टोर।**
**प्रोप्राईटरको विवरण** : देवमान थापाको नाती, बल बहादुर थापाको छोरा, नवलपरासी जिल्ला सुनवल गाउँ पंचायत वडा नं. ०८ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं. ०७ बस्ने **नारायण बहादुर थापा क्षेत्री** (ना.प्र.नं.१४३७०, नवलपरासी , जारी मिति : २०५०/०५/१३)
२. बल बहादुर थापाको बुहारी, नारायण बहादुर थापा क्षेत्रीको पत्नी, नवलपरासी (ब.सु.प) जिल्ला सुनवल नगरपालिका वडा नं. ०८ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं.०७ बस्ने **ईश्वरी खड्का** (ना.प्र.नं.२-११९६९, रुपन्देही, जारी मिति : २०५५/१०/२२)

**व्यक्तिगत धनजमानी /धितो जमानी दिनेहरुको विवरण**

१. देवमान थापाको नाती, बल बहादुर थापाको छोरा, नवलपरासी जिल्ला सुनवल गाउँ पंचायत ०८ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं. ०७ बस्ने **नारायण बहादुर थापा क्षेत्री** (ना.प्र.नं.१४३७०, नवलपरासी, जारी मिति : २०५०/०५/१३).
२. बल बहादुर थापाको बुहारी, नारायण बहादुर थापा क्षेत्रीको पत्नी, नवलपरासी (ब.सु.प) जिल्ला सुनवल नगरपालिका वडा नं. ०८ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं. ०७ बस्ने **ईश्वरी खड्का** (ना.प्र.नं.२-११९६९, रुपन्देही ,जारी मिति : २०५५/१०/२२)

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

१. देवमान थापाको नाती, बल बहादुर थापाको छोरा, नवलपरासी जिल्ला सुनवल गाउँ पंचायत वडा नं. ०८ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं. ०७ बस्ने **नारायण बहादुर थापा** क्षेत्रीको नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला पडसरी गा.वि.स वडा न. १ख स्थित कि.न १४४९ क्षेत्रफल क्रमश ०-०-१०-० (बिघा) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।
२. बल बहादुर थापाको बुहारी, नारायण बहादुर थापा क्षेत्रीको पत्नी, नवलपरासी (ब.सु.प) जिल्ला सुनवल नगरपालिका वडा नं. ०८ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं. ०७ बस्ने **ईश्वरी खड्का**को नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा न. १२ स्थित कि.न १६३ क्षेत्रफल १३५.४४ (बर्ग.मि) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

**ऋणीको नाम र ठेगाना (शाखा कार्यालय सिद्धार्थनगर)**

सोहरत मु.को बुहारी, वदरुदीन मु.को पत्नी, रुपन्देही जिल्ला वगाहा गा.वि.स वडा नं. ०३ स्थायी ठेगाना भइ हाल रुपन्देही जिल्ला रोहिणी गा.पा. वडा नं. ०१ बस्ने **जाहिदा खातुन (ना.प्र.नं.३७३०२२/३१, रुपन्देही, जारी मिति : २०६३/१०/२८)**

**व्यक्तिगत धनजमानी /धितो जमानी दिनेहरुको विवरण**

१. सोहरत मु.को बुहारी, वदरुदीन मु.को पत्नी, रुपन्देही जिल्ला वगहा गा.वि.स वडा नं. ०३ स्थायी ठेगाना भइ हाल रुपन्देही जिल्ला रोहिणी गा.पा. वडा नं. ०१ बस्ने **जाहिदा खातुन (ना.प्र.नं.३७३०२२/३१, रुपन्देही, जारी मिति : २०६३/१०/२८)**
२. बुधाई मुसलवानको नाति, सोहरत मु.को छोरा, रुपन्देही जिल्ला बसन्तपुर गा.वि.स वडा नं. ०८ स्थायी ठेगाना भइ हाल रुपन्देही जिल्ला रोहिणी गा.पा. वडा नं. ०१ बस्ने वदरुदीन मु.(**ना.प्र.नं.१६८५१, रुपन्देही, जारी मिति : २०३५/०२/०२**)

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

सोहरत मुसलमानको बुहारी, वदरुदीन मु.को पत्नी, रुपन्देही जिल्ला वगाहा गा.वि.स वडा नं. ०३ स्थायी ठेगाना भइ हाल रुपन्देही जिल्ला रोहिणी गा.पा. वडा नं. ०१ बस्ने **जाहिदा खातुन**को नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा न. १ ङ स्थित कि.न ९३९, ९४२ र ९४४ को क्षेत्रफल क्रमश : ०-१-०-०, ०-०-७-० र ०-०-३-० (बिघा )को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

**ऋणीको नाम र ठेगाना (शाखा कार्यालय राजपुर)**

प्रदेश सरकार ५ नं. प्रदेश उद्योग तथा पर्यटन, वन तथा वातावरण मन्त्रालय उद्योग , वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय दाङ प्रा.फ.र. नं. १२८६८/१४० मिति २०७६/०४/१६, आन्तरिक राजस्व विभाग स्थायी लेखा नम्बर ६१११३२४२० मिति २०७६/०४/१९ मा दर्ता भई दाङ जिल्ला राजपुर गा. पा. वडा नं. ०४ स्थित **सृजना फेन्सी स्टोर्स**
**प्रोप्राइटरको विवरण** : सम्पत अहिरको बुहारी, शिवशंकर यादवको पत्नी, दाङ जिल्ला राजपुर गा.पा वडा नं. ०२ स्थायी ठेगाना भइ हाल ऐ.ऐ. बस्ने **शुसिला यादव (ना.प्र. नं. ५२-०६-७५-०५०१४, दाङ जारी मिति : २०७५/१२/१७)**

**व्यक्तिगत धनजमानी /धितो जमानी दिनेहरुको विवरण**

१. सम्पत अहिरको बुहारी, शिवशंकर यादवको पत्नी, दाङ जिल्ला राजपुर गा.पा वडा नं. ०२ स्थायी ठेगाना भइ हाल ऐ.ऐ. बस्ने **शुसिला यादव (ना.प्र नं. ५२-०६-७५-०५०१४, दाङ जारी मिति : २०७५/१२/१७)**
२. राजधनी अहिरको नाति, सम्पत अहिरको छोरा, दाङ जिल्ला वेला गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भइ हाल दाङ जिल्ला राजपुर गा.पा वडा नं. ०२, बस्ने **शिव शंकर यादव (ना.प्र.नं.५२२००३/१६०३, दाङ जारी मिति : २०७१/०२/२०).**

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

सम्पत अहिरको बुहारी, शिवशंकर यादवको पत्नी, दाङ जिल्ला राजपुर गा.वि.स. वडा नं. ०२ स्थायी ठेगाना भई हाल ऐ.ऐ बस्ने **शुसिला यादव**को नाममा मालपोत कार्यालय दाङ्गमा दर्ता श्रेस्ता कायम रहेको दाङ जिल्ला मटेरिया गा.बि.स. वडा न. ०५ ख स्थित कि.न ७८० को क्षेत्रफल ३३८.६३ (वर्ग.मिटर) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

**ऋणीको नाम र ठेगाना (शाखा कार्यालय पाताभार)**

प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय गुलरीया, बर्दिया उद्योग, दर्ता नं.७८६/२०५७ (०७७/०७८) मिति २०७७/१०/१५, आन्तरिक राजस्व विभाग स्थायी लेखा नम्बर ६१४९८५२२१ मिति २०७७/१०/१६ मा दर्ता भई बर्दिया जिल्ला राजापुर - ५ स्थित **सुन्तली खाजा नास्ता घर**
**प्रोप्राइटरको विवरण** : बेझवा थारुको बुहारी, सोहन लाल थारुको पत्नी, बर्दिया जिल्ला बदालपुर गा.वि.स वडा नं. ८ स्थायी ठेगाना भई बर्दिया जिल्ला राजापुर न.पा वडा नं. ५ बस्ने **राम मोति थारु** (ना.प्र.नं.१५२७०, बर्दिया, जारी मिति : २०६०/०९/१२)

**व्यक्तिगत धनजमानी तथा धितो जमानी दिनेको विवरण**

नरैना थारुको नाती, कालु थारुको छोरा, बर्दिया जिल्ला बदालपुर गाउ पञ्चायत वडा नं. ८ स्थायी ठेगाना भई बर्दिया जिल्ला राजापुर न.पा वडा नं. ५ बस्ने **बेझवा थारु** (ना.प्र.नं.११/६०१, बर्दिया जारी मिति : २०४४/१२/२४)

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

नरैना थारुको नाती, कालु थारुको छोरा, बर्दिया जिल्ला बदालपुर गाउ पञ्चायत वडा नं. ८ स्थायी ठेगाना भई बर्दिया जिल्ला राजापुर न.पा वडा नं. ५ बस्ने **बेझवा थारु**को नाममा मालपोत कार्यालय राजापुर बर्दियामा दर्ता श्रेस्ता कायम रहेको बर्दिया जिल्ला बदालपुर गा.बि.स.वडा न. ९ स्थित कि.न ७३२/७७१ को क्षेत्रफल ०-५-० (बिघा) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

**जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो।**

**शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.**

केन्द्रीय कार्यालयः
बुटवल-११, कालिकानगर, रुपन्देही
फोनः ०७१-४१५५०२/४१५५०३
E-mail: info@srdb.com.np, URL: www.srdb.com.np

# लुम्बिनी केबलकार र बुटवल हस्पिटलबिच छुट सम्झौता



बुटवल । लुम्बिनी प्रदेशकै पहिलो लुम्बिनी केबलकार र निजी क्षेत्रबाट सञ्चालित बुटवल हस्पिटल प्रालिबिच छुट सम्झौता भएको छ।

सम्झौताअनुसार अस्पतालका सञ्चालक, सेयरधनी, कर्मचारी र अस्पतालमा उपचारका क्रममा न्यूनतम एक हजार रुपैयाँ खर्च गरेका बिरामीलाई लुम्बिनी केबलकारले टिकट दरमा २० प्रतिशत छुट दिने भएको छ। हाल केबलकारको टिकट दर रु ७५० प्रतिव्यक्ति रहेको छ।

बुटवल हस्पिटलले पनि केबलकारका सञ्चालक, सेयर सदस्य, कर्मचारीलाई उपचारमा ५ देखि १५ प्रतिशत सम्म छुट दिने छ। यो छुट बेडचार्ज, ल्याबटेस्ट, अप्रेसन, एक्सरे, भिडियो एक्सरे, फिजियोथेरापी र औषधी खरिद आदिमा हुनेछ।

सम्झौतापत्रमा हस्पिटलका तर्फबाट मेडिकल सुपरिटेण्डेन्ट डा. कृष्ण खनाल र लुम्बिनी केबलकारको तर्फबाट अपरेसन म्यानेजर डिएन कायस्थ सैजूले हस्ताक्षर गरी आदान प्रदान गरेका छन्।

सो अवसरमा केबलकारका तर्फबाट म्यानेजर प्रज्ज्वल घिमिरे र लेखा विभाग प्रमुख राजन लम्सालको पनि सहभागिता थियो। दुई प्रतिष्ठित संस्थाबिचको सम्झौताले दुबै संस्थासँग सम्बन्धित सबै पक्षलाई सहुलियत मिल्ने र दुई संस्थाबिच व्यवसाय प्रवर्धन र आपसी सहकार्य मजबुद हुँदै जाने दुबै संस्थाले विश्वास व्यक्त गरेका छन्।

लुम्बिनी केबलकार विश्वमै सबैभन्दा अत्याधुनिक, लोकप्रिय र सुरक्षित अष्ट्रियाको डुपलमायर कम्पनीबाट निर्मित युरोपियन प्रविधिको केबलकार हो। २५ वटा गोण्डुला रहेको लुम्बिनी केबलकारले एक दिनमा ६ हजार जनालाई आवतजावत गराउन सक्छ।

केबलकारको टप स्टेशन पाल्पाको बसन्तपुर डाँडामा छ। जुन ठाउँ प्राकृतिक हिसाबले स्वच्छ, शान्त हरियालीयुक्त र मनोरम छ। गर्मीमा शीतल र जाडोमा घाम लाग्ने हुँदा जुनसुकै मौसममा घुमेर आनन्द लिन सकिने महोल बसन्तपुरमा छ। त्यहाँ प्रख्यात शक्तिपीठ कामाख्या मन्दिर, सय वर्ष पुरानो दुर्गा मन्दिर, स्तरीय रेष्टुरेण्ट, सेमिनार हल, जीपलाइन, स्काइ साइक्लिङ, पिङलगायत पर्यटकीय पूर्वाधार छन्।

बुटवल हस्पिटल निजी क्षेत्रको लुम्बिनी प्रदेशकै सुविधासम्पन्न अस्पताल हो।

# सुरक्षित कार्यस्थल बनाउने रम्भाको अभियान

**कृष्ण पोखरेल**
*पाल्पा*

कार्यस्थलमा महिलाले भोग्दै आएको मौन पीडा, असुरक्षा र आत्मसम्मानमा हुने चोटलाई अन्त्य गर्न रम्भा गाउँपालिकाले प्रभावकारी कदम चालेको छ। गाउँपालिकाले भदौ १७ गते 'कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारसम्बन्धी आचार संहिता २०८२' सार्वजनिक गर्दै कार्यस्थल सुरक्षित बनाउन औपचारिक अभियान सुरु गरेको हो। गाउँपालिका अध्यक्ष विष्णुप्रसाद भण्डारीले कार्यपालिकाको बैठकबाट आचार संहिता पारित गरेर कार्यान्वयनको लागि राजपत्रमा प्रकाशित गरी सार्वजनिक गरेका छन्। रम्भा गाउँपालिकाको जुनसुकै कार्यस्थलमा कुनै पक्षमाथि यौनजन्य दुर्व्यवहार नहुने, भइहालेमा पीडित पक्ष वा तेस्रो पक्षबाट पनि उजुरी गर्न पाउने, उजुरी उपर कानुनी कारबाही देखी क्षतिपूर्तिसम्मको व्यवस्था रहेको उनले बताए। आचार संहिता जारी गर्न महिला कानुन र विकासमञ्च, महिला कल्याणसंघ पाल्पाले सहजीकरण गरेका थिए।

**यौन दुरव्यवहार आचार संहिताको आवश्यकता**

सरकारी, गैर सरकारी तथा निर्माण कार्यस्थलमा महिलाले भोग्ने दुरव्यवहारको समस्या जटिल रहेको छ। कानुनको अभावमा पीडितहरुले पीडा लुकाएर बस्नु पर्ने बाध्यता रहेको छ। धेरैजसो घटना उजागर नहुने, पीडित मौन बस्न बाध्य हुने, उजुरी गर्दा सामाजिक बदनामी वा उपल्लो स्तरको कर्मचारीले तल्लो तहका कर्मचारीलाई दबाउने, काममा गलत सिफारिस गर्ने जस्ता कृयाकलाप हुने गरेका छन्। कार्यस्थललाई सुरक्षित, विशेष गरी महिला कामदारलाई आत्मसम्मान बढाउन आचार सहिता आवश्यक रहेको जिल्ला समन्वय समिति पाल्पाकी काशिका गैरेले बताइन। सुरक्षित कार्यस्थल बिनाको विकास सम्भव छैन त्यसैले यस्तो आचार संहिता अपरिहार्य भएको हो, उप-प्रमुख गैरेले जोड दिइन।

**आचार संहिताको कारण हुने फाइदा**

आचार संहिता कार्यान्वयन हुँदा सबैभन्दा बढी महिलाहरुलाई फाइदा पुग्नेछ। आचार संहिताको कारण महिला मात्र नभई पुरुष कर्मचारी पनि सुरक्षित महसुस गर्नेछन्। कार्यालयको सेवाप्रवाहमा गुणस्तर बढ्नेछ,। कर्मचारीहरु ढुक्क भएर काम गर्ने छन् र दक्ष जनशक्तिको विकास हुनेछ। समग्रमा संस्थाको विश्वसनीयता उच्च हुने हुनेछ। यसले पीडितलाई मौन बस्नुपर्ने बाध्यता हटाउनेछ र दोषीलाई सजाय हुने वातावरण सुनिश्चित गर्नेछ। पीडितको अधिकार स्थापित गर्न, गोपनीयताको सुरक्षा, कानुनी सहायता, मनो-परामर्श सुविधा र आवश्यक परे पुनःस्थापना सहयोगमा आचार संहिताबाट सहयोग पुग्ने छ। यो केवल महिलाको मात्र मुद्दा होइन, कार्यक्षेत्रमा काम गर्ने सबैको सामूहिक सुरक्षा र सम्मानको सवाल रहेको महिला कानुन र विकास मञ्चका निर्देशक रामप्रसाद श्रेष्ठले बताए।

**आचार संहिताका मुख्य प्रावधानहरू**

कार्यस्थलमा हुने यौनजन्य दुरव्यवहारमा पीडित वा तेस्रो पक्षले लिखित वा मौखिक उजुरी दिन सक्ने व्यवस्था रहेको छ। उजुरीमाथि छानबिन गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा महिला शाखा, कानुनी सल्लाहकार र महिला प्रतिनिधि सदस्य रहने छन्। समितिले प्रारम्भिक तथ्य संकलन, गोपनीय सुनुवाइ, प्रमाणका आधारमा चेतावनीदेखि निलम्बन, पदमुक्त, जरिवानाको सिफरिस सम्बन्धित निकायमा गर्न सक्नेछ। यो आचार संहिता रम्भा गाउँपालिकाभित्र २०८२ भदौ १६ गतेदेखि पूर्णरुपमा कार्यान्वयनमा आएको प्रमुख प्रशासकीय अधिकृत वीरबहादुर पुनले बताए।

**सबै कार्यालय तहमा आचार संहिताको व्यवस्था**

यो केवल रम्भा गाउँपालिकाको मात्र अभ्यास होइन, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१ अनुसार प्रदेश, संघीय सरकारका कार्यालयहरु र सबै स्थानीय तहले अनिवार्य रुपमा यस्ता आचार संहिता बनाउनुपर्छ। हामीले वर्षौंदेखि यो माग गर्दै आएका थियौं। आचार संहिता त जारी भएको छ, अब चुनौती भनेको कार्यान्वयन हो। आचार संहितालाई कागजमै सीमित नगरी कार्यान्वयनमा सबैको सहयोग जरुरी रहेको महिला कल्याण संघकी अध्यक्ष नारायणी खनालले बताइन। आचार संहिताको कार्यान्वयनले सुरक्षित कार्यको लागी वातावरण निर्माण हुने, कामदारमा जोश जागर उत्साह, आत्मबलमा बढाउने, गुणस्तरीय काम तथा उत्पादकत्व बढाउने, संघ संस्थामा जनशक्ति टिकाउने र संस्थाको विश्वसनीयता उच्च बनाउने देखिन्छ।


**बजारबाट सामग्री खरिद गर्दा ध्यान दिनुपर्ने कुराहरु**

**क्रेता वा सामग्री खरिदकर्ताले:**
-विल वा रसिदको विवरण ठीक छ कि छैन जाँच गरौं।
-सामानको नाम, मात्रा, मूल्य, अभिवृद्धि कर (VAT), लगायत विवरण हेर्ने गरौं।
-विलमा मिति विजक नम्बर र किनमेल गरिएको स्थान सही छ छैन जाँच गरौं।
-प्राप्त विल वा रसिदलाई सुरक्षित राखौं।
-विलमा व्यवसायको नाम, ठेगाना, फोन नम्बर र PAN नम्बर उल्लेखित भए/नभएको हेरौं।
-कुनै पनि वस्तु तथा सेवा खरिद गरेपछि विल/बिजक माग्ने गरौं।
**बिक्रेताले:**
-ग्राहकलाई सामग्री खरिद गरेको विल अनिवार्य रुपमा दिऔं।
-विल बमोजिमको सामान उपलब्ध गराऔं।
**सामान खरिद बिक्री गर्दा बिल अनिवार्य लिने/दिने गरौं।**

नेपाल सरकार विज्ञापन बोर्ड


# लुम्बिनी प्रादेशिक अस्पतालमा सार्वजनिक सुनुवाइ

बुटवल। लुम्बिनी प्रादेशिक अस्पतालको सेवा, सुविधा र सुधारबारे बुटवलमा सार्वजनिक सुनुवाइ भएको छ। चाँदनी नेपालले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) को सहकार्यमा आयोजना गरेको कार्यक्रममा अस्पतालका योजना, चुनौती र समाधानका उपायबारे सरोकारवालाले आ-आफ्नो धारणा राखेका थिए।

कार्यक्रमको शुभारम्भमै पत्रकार माधव नेपालले कार्यपत्र प्रस्तुत गर्दै अस्पताल निर्माण लुम्बिनी प्रदेशकै गुरुआयोजनाको रुपमा रहे पनि यसको अनुगमन तथा सार्वजनिक सुनुवाइ नभएको भन्दौ सचेत गराएका थिए।

कार्यक्रममा लुम्बिनी प्रदेशसभा अर्थ उद्योग तथा पर्यटन समिति सभापति राजुप्रसाद श्रेष्ठले आफुहरुको क्षेत्रमा अस्पतालको भौतिक पूर्वाधार निर्माणको अनुगमन गर्ने कार्याधिकार भए पनि अनुगमन नगरेको स्वीकारे।

भौतिक पूर्वाधार विकास समिति सभापति रामजीप्रसाद घिमिरेले लुम्बिनी प्रदेशको स्वास्थ्य मन्त्रालयबाट नियमित अनुगमन भएकोले समिति अनुगमनमा नआएको तर्क गरे। उनले यो अस्पतालको निर्माणले लुम्बिनी प्रदेशलाई ठुलो योगदान दिने तर्क गरे।

कार्यक्रममा बोल्दै सामाजिक विकास समितिका सभापति यमबहादुर नेपालीले अस्पताल विकासको प्रगति हेर्दा राम्रो देखिएको बताउँदै गुणस्तरीयतामा ध्यान दिन आग्रह गरे।

कार्यक्रममा लुम्बिनी प्रदेश सरकारका पूर्व स्वास्थ्य मन्त्री भोजप्रसाद श्रेष्ठले लुम्बिनी प्रादेशिक अस्पतालबाट जनताले सहज सेवा पाउने ग्यारेन्टी अहिलेको आवश्यकता रहेको बताए।

नेपाली कांग्रेस लुम्बिनी प्रदेशसभाका प्रमुख सचेतक जमुना ढकालले लुम्बिनी प्रादेशिक अस्पताल लुम्बिनी मात्र नभइ राष्ट्रकै सान भएकोले भवन निर्माण र प्रदान गरिएको सेवाको गुणस्तरीयतामा ध्यान दिन आग्रह गरिन्।

कार्यक्रममा लुम्बिनी प्रदेश पूर्वाधार विकास प्राधिकरणका प्रमुख इन्जिनियर छविराज पोखरेलले पर्याप्त बजेट उपलब्ध भए निर्माण र सेवा विस्तारमा गति आउने बताए।

लुम्बिनी प्रादेशिक अस्पतालका सुपरिटेन्डेन्ट डा. इन्द्र ढकालले प्रदेश सरकार मातहत आएपछि अस्पतालको सेवा सुविधा दोब्बर वृद्धि भएको दाबी गरे।

कार्यक्रममा नेपाली कांग्रेस रुपन्देही क्षेत्र नम्बर २ का सभापति प्रजापाल गिरी, चेम्बर अफ कमर्श लुम्बिनीका अध्यक्ष टंक पराजुली, उद्योग परिसंघ लुम्बिनीका उपाध्यक्ष बाबुराम बोहरा, उपाभोक्ता हित संरक्षण मञ्च बुटवलका अध्यक्ष समुन्द्र जिसी, टोल समूह प्रतिनिधि आशा भण्डारी, चाँदनी नेपालका भवानी पाण्डेलगायतले बोल्दै अस्पताल शैया संख्या बढाएरभन्दा पनि गुणस्तरीय सेवा दिएर लाग्नुपर्ने बताएका थिए।

उनीहरुले अस्पतालमा भएका स्रोत साधनहरुको भरपुर उपयोग र दक्ष कर्मचारी ल्याउनेतर्फ ध्यान दिन आग्रह गरे।


**आकर्षक डिजाइन तथा छपाई**

**सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!**

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

**सम्पर्क:**
बुटवल-७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com


# विनयी त्रिवेणी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

दुम्कीबास, नवलपरासी (बर्दघाट-सुस्तापूर्व)

## कवाडी संकलन तथा बिक्रीका लागि शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशन मितिः २०८२/०५/१८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ बमोजिम विनयी त्रिवेणी गाउँपालिकाको आर्थिक ऐन,२०८२ ले तोकेको दररेटका आधारमा न्युनतम रकमबाट बडाबड हुने गरी विनयी त्रिवेणी गाउँपालिकाको क्षेत्र भित्र आ.व.२०८२/०८३ का लागि कवाडी संकलन तथा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र शिलबन्दी दरभाउ पेश गर्नुहुन सम्बन्धित सबैको जानकारी को लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल :**

| आय ठेक्का नम्बर | विवरण | न्युनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ कर बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| 10/NCB/Rev/BT/2082-083 | Collection of Scrap materials fee (Kawadi Sulka) Binayi Tribeni Kawadi Collection Center ward no.6 and 7 | १०००००.०० | ३०००.०० | १००० | |
| 11/NCB/Rev/BT/2082-083 | Collection of Scrap materials fee (Kawadi Sulka)Dumkibas Kawadi Collection Center ward no. 1, 2, 3, 4, and 5 | २०००००.०० | ६०००.०० | १००० | |

**शर्तहरु :**

१. फर्मको हकमा नविकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र,आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिककताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकले नेपाली नागरिककताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि विदेशी नागरिकको हकमा व्यवसाय गर्न प्राप्त गरेको इजाजतपत्रको प्रमाणित प्रतिलिपी बोलपत्र फाराम बापत यस कार्यालयमा नगद तिरेको वा सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किबासमा रहेको यस कार्यालय को आन्तरिक राजश्व खाता नं.००८१५४१३०७८ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सुचना प्रथमपटक प्रकाशन भएको मितिले २०८२/०६/०२गते १२:०० बजेसम्म कार्यालयको राजश्व शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिने छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित बैंक खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक दिन पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धि फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। बोलपत्र जमानत रकम कार्यालयको सिद्धार्थ बैंक शाखा कार्यालय, दुम्किवासमा रहेको धरौटी खाता नं. ००८१५१५३३२६ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनको म्याद सहित जारी गरीएको बैंक ग्यारेन्टी (बिड बण्ड) पेश गर्नुपर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्र दाताले प्रत्येक पानामा सही छाप गरी खाम बाहिर फर्मको नाम ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं. मोबाइलल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितिले २०८२/०६/०२ गतेका दिन दिनको १२:०० बजे भित्र बोलपत्र प्रति दर्ता गर्नुपर्नेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन। रितपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २०८२/०६/०२ गते १:०० बजे पछि विभिन्न कार्यालयको प्रतिनिधि, व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालय खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। ऊक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघि रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. बोलपत्र स्वीकृत भएमा सोको सुचना पाएको वा सुचनाटाँस भएको मितिले १५दिनभित्र मु.अ.क. दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्तावापत ५०प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८३ साल भाद्र मसान्तसम्म म्याद सहित जारी बैंक ग्यारेन्टी (परफमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम जेष्ट १५ भित्र अनिवार्य बुझाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको बोलपत्र जमानत रकमजफत नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस गाउँपालिकाका कवाडी संकलन गर्ने सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ।

**ठेक्का सम्बन्धी अन्य शर्तहरु**

१. ठेक्का अवधि पट्टा पत्र पाएको मितिदेखि २०८३ साल असार मसान्तसम्म रहनेछ।
२. बोलपत्र जमानत बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन र उक्त बैंक जमानत तथा नगद बोलपत्र जमानत नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।
३. ठेक्का कबोल गर्ने फर्म वा कम्पनीले तोकेको कर उठाउँदा प्रयोग गर्ने विक्री तथा निकासी तर्फका रसिदहरु फर्म वा कम्पनिले आफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ। माथि उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम विक्री तथा निकासी आय खातामा मू.अ.क. को हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद वार्षिक रुपमा गाउँपालिकामा बुझाउँनु पर्नेछ।
४. ठेक्कामा कुनै विवाद भएमा गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ।
५. गाउँपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको फर्मको बोलपत्र स्वीकृत हुनेछैन।
६. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र र कागजात पेश गर्नुपर्नेछ।
७. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ। अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ। सो मा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउने छैन।
८. कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन।
९. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ।
१०. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ।
११. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com